राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १८९ | २०८२ चैत १० गते मंगलवार | (Tuesday, 24 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## मधेशकेन्द्रित दलहरू के गर्दैछन् ?

गंगा बीसी

*काठमाडौं, चैत्र ९ गते ।*

मधेश केन्द्रित दलहरू प्रतिनिधिसभा निर्वाचनमा शून्यमा झरेपछि उनीहरू अन्योलमा छन् । जनता समाजवादी नेपाल, जनमत, आम जनता पार्टीलगायतका दल आन्तरिक समीक्षा गर्न लागेका छन् । तर आगामी दिनमा कसरी जाने भन्ने मुद्दा तय गर्न सकेका छैनन् ।

प्रतिनिधिसभामा प्रतिनिधित्व नभएपछि उनीहरु सामु सडक मोर्चा, प्रदेश संसद्को फोरममा आफ्ना मुद्दा उठाउने विकल्प छ । प्रधानमन्त्रीको शपथ लिन तयार भएका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलाई मधेशी केन्द्रित दलहरूले सफलताको शुभकामना दिएका छन् । मधेशी समुदायबाट पहिलो प्रधानमन्त्री नियुक्त हुन लागेकोमा उनीहरूले खुसी व्यक्त गर्दै आगामी कार्यक्रम बनाउने तयारमिा जुटेको बताएका छन् ।

निर्वाचनमा मधेश प्रदेशबाट एक सिट नजिते पनि जसपा नेपालले चैत दोस्रो साता केन्द्रीय समिति बैठक गरी कार्यक्रम तय गर्ने जनाएको छ । जसपा नेता मनिष सुमनले चैत १५ मा निर्वाचनको समीक्षा गरी कार्यक्रम बनाउने बताए ।



मधेश केन्द्रित दलहरू संघीयता, गणतन्त्र, समानुपतिक, समावेशी प्रणालीको रक्षाका लागि सचेत रहेको बताए । 'जनआन्दोलन, मधेश आन्दोलनबाट प्राप्त संघीयता, समानुपातिक, समावेशी प्रणालीको रक्षाका लागि हामी सचेत छौं । यसमा खतरा आइपऱ्यो भने चनाखो हुन्छौं,' उनले भने, 'प्रधानमन्त्री नियुक्त हुन लाग्नु भएका बालेन्द्र शाह विगतको आन्दोलनबाट प्राप्त उपलब्धि जोगाउने काममा सकरात्मक सहयोग गर्छौं । सरकारले गर्ने राम्रा कामलाई बाहिरबाट समर्थन गर्छौं ।'

मधेशकेन्द्रित दलको मोर्चालाई कायम राखी मधेशका साझा मुद्दामा सहकार्य गर्ने बताए । 'मधेशको अधिकार, विकास र समृद्धिका लागि हाम्रा साझा मुद्दा छन्,' उनले भने, 'हामी यी मुद्दाबारे भविष्यमा दृढ संकल्पित हुन्छौं ।'

विगतमा भएक कमीकमजारीलाई सच्याउँदै जसपा नेपालप्रति मधेशी जनताको विश्वास कायम राख्ने सुमनले बताए । 'यस पटक आएको नयाँ लहरले हामीले चुनाव जित्न सकेनौं तर हामीप्रति मधेशी जनताको विश्वास कम भएको र टुटेको होइन,' उनले थपे ।

यता, जनमत पार्टीका अध्यक्ष सीके राउतले निर्वाचनलगत्तै संसदीय राजनीतिबाट सन्यास लिने बताइसकेका छन् । तर उनले मधेशका मुद्दामा भने निरन्तर संघर्ष गर्ने बताए । 'संघर्षमा नै मूल रुपमा केन्द्रित हुनका लागि यो निर्णय लिएको हुँ,' उनको भनाइ छ, 'जनताका लागि सडकबाटै संघर्ष गर्नेछु र त्यसबाट कहिले पछि हट्दिनँ । अधिकारका लागि हमेसा लडिरहने आम जनतालाई विश्वास दिलाउन चाहन्छु ।'

२०७५ फागुन २५ मा तराई मधेशको पृथकतावादी आन्दोलन छाडेर शान्तिपूर्ण आन्दोलनमा आएका राउतले ०७९ को निर्वाचनमा बेग्दै पहिचान बनाएका थिए । उनले भूमिहीन, किसान, दलितका

*- बाँकी पृष्ठ ३ मा*

## वर्षाले किसानलाई राहत

गोपाल बराल

*बर्दिवास, चैत्र ९ गते ।*

सिङ्गो हिउँदमा पानी नपरेका कारण निराश बनेका महोत्तरीका किसानले राहत महसुस गरेका छन् । गत शुक्रबार र शनिबार परेको पानीले जग्गामा पर्याप्त चिस्यान बनाएपछि खेतीपातीका काम अघि बढ्ने आशले किसानलाई राहत मिलेको हो ।



पछिल्लो वर्षाले यसअघि पानी बेगर पहेँलिँदै गएका बालीनालीलाई अमृतकै काम गरेको किसान बताउँछन् । "जग्गा रुखिएर खनजोत गर्न पाइएको थिएन, वैशाखी तरकारीका लहरा र बोट ओइल्याउँदै थिए", भङ्गाहा नगरपालिका-४ का ६० वर्षीय किसान शुभनारायण ठाकुरले भने, "पछिल्लो वर्षाले निकै राहत दियो ।" वर्षा हुनअघि ओइल्याउँदै गएका वैशाखी तरकारीका लहरा एक दिनमै फेरिएर लहलहाउन लागेका ठाकुरको भनाइ छ । दुई दिनको वर्षापछि आइतबार मौसम उघ्रनासाथ खेतीपातीका काममा लाग्न किसानलाई सजिलो भएको छ ।

पछिल्लो वर्षाले खेतबारीमा लागेको बालीलाई पर्याप्त चिस्यान भएको र अब बर्खे धान र अन्य बाली लगाउन जग्गा खनजोत गर्न सकिने किसान बताउँछन् । "पानी नपाएर उखुका बोट सुक्दै थिए, पानी परेर निकै राहत मिल्यो", बर्दिबास-७ मनहरिपुरका ३० वर्षीय युवा किसान निरबहादुर खत्रीले भने, "अब बर्खे धान,

*- बाँकी पृष्ठ ३ मा*






द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# आशाबाट परीक्षणसम्म : बालेनको नयाँ अध्याय

भदौ २३-२४ बाट सुरु भएको राजनीतिक उथलपुथल १३ चैतमा आइपुग्दा कार्यकारी सत्ताको शिखरमा पुग्दै एक नयाँ अध्याय औपचारिक रुपमा खुल्दै छ । यस अध्यायले यदि कुनै भवितव्य हुँदैन भने बालेन्द्र साह (बालेन) लाई प्रधानमन्त्रीको रुपमा स्थापित गरेको छ । तर इतिहासले बारम्बार देखाएको तथ्य के भने जनआशा जति तीव्र हुन्छ, त्यसको परीक्षण पनि त्यत्तिकै कठोर हुन्छ । यसपटक नेपाली जनताले परम्परागत दलगत पहिचानभन्दा माथि उठेर 'अनुहार' र 'आशा' रोजेका छन् । त्यो अनुहार हो, बालेन । निर्वाचन परिणामले जनता अब केवल स्थिरता होइन, परिणाम खोजिरहेका छन् भन्ने स्पष्ट सन्देश दिएको छ । उनीहरुलाई भाषण होइन, कामको प्रमाण चाहिएको छ । त्यसैले बालेन अब केवल लोकप्रिय नेता होइनन्, उनी राष्ट्रको आशा, अपेक्षा र परीक्षणको केन्द्रबिन्दु बनेका छन् ।

अवसरका हिसाबले अहिलेको जनमत बालेनका लागि अभूतपूर्व पुँजी हो । दुइतिहाइनजिकको शक्ति, युवाको व्यापक समर्थन र परिवर्तनको स्पष्ट जनादेशले संरचनागत सुधारका लागि ढोका खोलेका छन् । सानो र चुस्त सरकार, डिजिटल गभर्नेन्स, पारदर्शिता र भ्रष्टाचारविरुद्ध कठोर कदम सबै अहिले कार्यान्वयनका लागि अनुकूल अवस्थाहरु हुन् । यदि यो क्षणको सदुपयोग भयो भने नेपालमा राजनीतिक संस्कारमै रुपान्तरण सम्भव छ । तर चुनौतीहरु अझ गम्भीर छन् । सबैभन्दा ठूलो चुनौती अत्यधिक अपेक्षा हो । जनताले जुन गतिमा परिवर्तन चाहेका छन्, त्यो कार्यान्वयन गर्न राज्य संरचना अझै तयार छैन । कर्मचारीतन्त्रको जडता, शक्ति सन्तुलनको जटिलता, अन्तर्राष्ट्रिय कूटनीतिक दबाब तथा दलभित्रै सम्भावित व्यवस्थापन संकटले सुधारको गतिलाई अवरुद्ध गर्न सक्छन् । सामाजिक सञ्जालमा आधारित समर्थन असन्तोषमा रुपान्तरण हुन समय लाग्दैन ।


त्यसैले अहिले उत्साह होइन संयम, लोकप्रियता होइन संस्थागत मजबुती र भाषण होइन मापनयोग्य परिणाम आवश्यक छ । बालेनले प्रारम्भिक संकेतका रुपमा सानो मन्त्रिपरिषद्, दक्षतामा आधारित नियुक्ति, खर्च कटौती र डिजिटल प्रणाली विस्तारको सोच प्रस्तुत गरेका छन्, जुन सकारात्मक छ । तर यी घोषणा व्यवहारमा कत्तिको रुपान्तरण हुन्छन् भन्ने नै निर्णायक हुनेछ । सुशासन नारा होइन, निरन्तरता र कठोर निर्णयको प्रक्रिया हो । अब इतिहासको घडी चलिसकेको छ । यस घडीमा बालेनले जनताको आशालाई उपलब्धिमा रुपान्तरण गर्न सके मात्र यो नयाँ अध्याय सफल हुनेछ । अन्यथा, यही आशा निराशामा फेरि पनि बदलिन बेर लाग्दैन ।

## राशिफल

मेष - इनाम दिलाउन सक्छ ।
वृष - बिस्तारै फलदायी हुनेछन् ।
मिथुन - उचित प्रतिफल पाइनेछ ।
कर्कट - सजिलै हराउन सकिनेछ ।
सिंह - काम प्रारम्भ गर्ने समय छ ।
कन्या - उपहार प्राप्त हुने समय छ ।
तुला - राम्रो साथ दिनेछन् ।
वृश्चिक - व्यापारमा विशेष फाइदा हुनेछ ।
धनु - फाइदा अरूले उठाउलान् ।
मकर - रोकिएका काम दोहोर्याउनुपर्ला ।
कुम्भ - सुझाव नमान्दा दुःख पाइनेछ ।
मिन - अभिव्यक्तिको प्रभाव बढ्नेछ ।

# बालेन सरकारलाई पहिलो अवसर : कार्की आयोगको प्रतिवेदन

■ शिक्षा रिसाल




नेपालमा आयोग बन्नु कुनै नौलो विषय होइन । कुनै घटना घट्छ, जनताको आक्रोश बढ्छ, सडक तात्छ, त्यसपछि सरकारको ओठबाट एउटा जादुई शब्द निस्कन्छ – उच्चस्तरीय छानबिन आयोग गठन गरिन्छ ।

जनता शान्त हुन्छन्, आयोग बन्छ । महिनाहरू बित्छन्, वर्षहरू बित्छन् । तर त्यो प्रतिवेदन ? हराउँछ- फाइलको कुनामा, इतिहासको धुलोमा, सरकारी ढर्रामा ।

आयोग गठन भन्ने जादुई घोषणापछि जनतामा न्याय पाउने आशा जाग्छ, तर त्यो फगत जनतालाई शान्त पार्ने मलमपट्टी मात्र साबित हुन्छ । आज देशभर एउटै आवाज गुञ्जिरहेको छ - जेन जी आन्दोलनबारे जाँचबुझ गर्न बनेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर ।

यो माग एउटा प्रतिवेदनका लागि मात्र होइन । यो एउटा प्रणालीविरुद्धको विद्रोह हो, जसले दशकौंदेखि जनताको सत्य जान्ने अधिकारलाई कुण्ठित गर्दै आएको छ ।

नेपालमा आयोग र तिनले बनाउने प्रतिवेदनको इतिहास हेरौं । २०४६ सालको जनआन्दोलनपछि गठित मानवअधिकार आयोग, बहुदलीय व्यवस्था पुनर्स्थापनापछि बनेका विभिन्न राजनीतिक छानबिन समितिहरू, माओवादी द्वन्द्वकालका घटनाहरूको अनुसन्धान गर्न बनेका संक्रमणकालीन न्यायसम्बन्धी आयोग र मधेश आन्दोलनपछि गठित आयोगका प्रतिवेदन कि त अधुरै रहे कि कहिल्यै सार्वजनिक भएनन् । कति त सार्वजनिक भए पनि कारवाही भएनन् । वर्षौंसम्म पीडित परिवारहरू न्यायको प्रतीक्षामा कहिले सिंहदरबार धाइरहे त कहिले माइतीघरमा धर्ना दिइरहे, तर कारवाही शून्यमा रहिरह्यो । धेरैपटक प्रश्न उठेको छ – के ती प्रतिवदेन कसैलाई जोगाउनका लागि लुकाइन्छ ? कि जनताको राज्यबाट जानकारी पाउने अधिकारलाई महत्त्व नै दिइँदैन ? यी प्रश्न भावनात्मक मात्र नभएर पूर्णतः संवैधानिक र कानुनी प्रश्न हुन् ।

नेपालको संविधान, २०७२ मा स्पष्ट व्यवस्था छ – सूचनाको हकसम्बन्धी धारा २७ मा व्यवस्था गरिएको छ, 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका विषयमा सूचना माग्ने र पाउने हक हुनेछ ।' नेपालको संविधान, धारा २७(१) ले यो हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायहरूलाई नागरिकले माग गरेका सूचनाहरू उचित समयभित्र उपलब्ध गराउने दायित्व सुम्पेको छ । त्यस्तै धारा २७(२) अनुसार कानुनले निर्दिष्ट गरेका राष्ट्रिय सुरक्षा, व्यक्तिगत गोपनीयता र अत्यन्त सीमित परिस्थितिमा मात्र सूचना रोक्न सकिन्छ वा सार्वजनिक गर्न नमिल्ने उल्लेख छ । जब सरकार आफैंले गठन गरेको आयोगको प्रतिवेदन लुकाउँछ भने त्यो केवल प्रशासनिक कमजोरी होइन, त्यो सम्पूर्ण जनतामाथिको विश्वासघात हो । जनताका लागि जनताले बनाएको सरकारमा अन्तिम समयमा जनतालाई नै भनिन्छ, 'यो जानकारी सार्वजनिक गर्न मिल्दैन ।'

सन् २०१४ मा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भएको थियो । एक दशकभन्दा बढी समयदेखि लाखौं पीडितको उजुरी संकलन भएको छ, तर कति मुद्दाको टुंगो लाग्यो ? जवाफ प्रस्ट छैन । त्यस्तै बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग, द्वन्द्वकालमा वेपत्ता पारिएका तीन हजारभन्दा बढी परिवार अझैं न्यायको प्रतीक्षामा छन् । वर्षहरू बित्दैछन्, परिवारहरू थाकिसके, उमेर ढल्कीसक्यो तर पीडितले अझैं न्याय अनुभूत गर्न सकेका छैनन् । नेपालमा बेलाबेलामा विभिन्न भ्रष्टाचारसम्बन्धी छानबिन समितिहरू गठन हुन्छन्, उत्तिकै अन्तरालमा हराउँछन् पनि । नागरिक पनि हाँसो ठट्टामा उडाइदिन्छन्, 'ठूला माछा हुन्, सधैं जाल तोडेर उम्किन्छन् ।' तर उनीहरूलाई उम्कन दिने र संरक्षण गर्ने को हुन् ?

संविधानको धारा ५१(ग)मा राज्यको नीतिमा 'सुशासन, पारदर्शिता र जवाफदेहिता' सुनिश्चित गर्नु राज्यको दायित्व भनी उल्लेख छ । त्यसैले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन थन्काउनु यो दायित्वको सिधा उल्लंघन हो । के भदौ २३ र २४ मा नेपालमा घटेको घटनाबारे पीडित परिवार र आम नागरिकले जानकारी पाउनु मौलिक अधिकार होइन ? बालबालिकामाथि गोली चलाउनु र त्यसपछि सिंहदरबार जस्तो ऐतिहासिक भवनमा आगो लाग्नुजस्तो गम्भिर घटनाको सत्यतथ्यबाट नागरिकलाई किन अन्धकारमा राखिँदै छ ?

'प्रतिवेदन सार्वजनिक गर्दा राजनीतिक अस्थिरता बढ्छ' भन्ने तर्क सुनिन्छ । तर यो तर्क नै भ्रामक छ । सत्यलाई थन्काउनु र लुकाउनु अल्पकालीन समाधान हो, जसले दीर्घकालमा विस्फोट निम्त्याउनेछ । सरकारले किन प्रतिवेदन लुकाउँछ ? यो प्रश्न हामीले आफैँसँग सोध्नुपर्ने समय आएको छ । यहाँ केवल 'खराब मनसाय' जस्तो शब्द प्रयोग गर्नु पनि पर्याप्त छैन । राजनीतिक संरक्षण, दण्डहीनताको संस्कृति, संस्थागत कायरता, पारस्परिक मिलेमतो, जनचेतनाको कमजोर मूल्यांकनजस्ता विभिन्न कारणहरू यसका पछाडि छन् ।

प्रतिवेदनमा नाम आउने व्यक्तिहरू अहिले पनि सत्तामा छन्, वा सत्तामा रहेका दलसँग जोडिएका छन् भने प्रतिवेदन सार्वजनिक हुनु भनेको आफ्नै सहयात्रीलाई न्यायिक प्रक्रियामा तान्नु हो । नेपालमा दशकौंदेखि दोषी र अपराधीहरू राजनीतिक संरक्षण पाएर कारवाहीबाट बचेका छन् । यो 'बेथिति'लाई चुनौती दिने आँट कसैमा पनि छैन । सबैलाई भविष्यमा यसले आफूलाई पनि लपेट्नेछ भन्ने चिन्ता र त्यसबाट उन्मुक्ति पाउन यही व्यवस्थाको जोगियोस् भन्ने लालसा देखिन्छ । प्रतिवेदन सार्वजनिक गर्न जिम्मेवार कर्मचारीहरूले जोखिम लिन चाहँदैनन् । 'माथिबाट आदेश आएको छैन' भनेर झुलाइरहन्छन्, तर माथिबाट कहिल्यै आदेश आउँदैन ।

त्यस्तै सत्ताको अविच्छिन्न उत्तराधिकारी बनेर आउनेहरू सोच्छन् – आज हामीले प्रतिवेदन सार्वजनिक गर्‍यौं भने भोलि हाम्रो पालामा पनि त्यस्तै हुनसक्छ ।

त्यसैले यो पारस्परिक मिलेमतो हो । शासकहरू सोच्छन् – जनता केही दिन कोलाहल गर्छन्, आफैं शान्त हुन्छन् ।

यो जनचेतनालाई कमजोर आंकने प्रवृत्ति हो, जसलाई जेन जी पुस्ताले गलत साबित गराउनै पर्छ ।

देशमा राजनीतिक परिवर्तनको लहर चलिरहेको छ । जनताले पुराना राजनीतिक दललाई अस्वीकार गरिसकेका छन् । अब नयाँ अनुहार, नयाँ प्रतिबद्धता र नयाँ कार्यशैलीको अपेक्षासहित बालेन शाहजस्तो नेतृत्व राष्ट्रिय स्टेजमा उभिएको छ । गत चुनावको बेलादेखि नै अन्तराष्ट्रिय सञ्चार माध्यमहरूमा यत्रतत्र छाएका बालेन शाह नेपाली राजनीतिक इतिहासका एउटा अनौठो घटना बनेका छन् । इन्जिनियर, र्‍यापर, युवा र 'सपनाका वाहक' मानिएका उनी धेरै बोल्दैनन्, तर राजनीतिक पृष्ठभूमि बिना पनि शासन गर्न सकिन्छ भन्ने उनले काठमाडौंको महानगरमा मेयरका रूपमा काम गर्दा नै देखाइसकेका छन् । बालेन शाहले काठमाडौंमा फोहोर व्यवस्थापनको राजनीति देखाए, अव्यवस्थित पार्किङ हटाए, बिचौलियाको अतिक्रमण हटाउने प्रयत्न गरे, डिजिटल सुशासनको काम थालनी गर्ने आदि धेरै प्रयासहरू गरे । उनका यी कार्यहरू 'सरकार काम गर्न सक्छ' भन्ने विश्वास दिलाउने कदम थिए । जनताको विश्वास जित्न एक हदसम्म उनी सफल पनि भएका छन् ।

काठमाडौंको मेयर हुँदा गरेको प्रयासबाट जितेको जनविश्वास अब राष्ट्रिय स्तरमा पुर्‍याउन जेनी जी आन्दोलनमा भएको दमन र क्षतिको प्रतिवेदन सार्वजनिक गर्नु बालेनको पहिलो प्राथमिकता हुनुपर्छ । यो जनताको विश्वास जोगाउने उनको पहिलो कदम बन्ने छ ।

शहीद परिवारः जसले आफ्नो प्रिय व्यक्ति गुमाए, जसले देशका लागि बलिदान दिए, उनीहरूलाई सत्यतथ्य जान्ने पूरापूर अधिकार छ । तर नयाँ सरकारले पनि जेन जी आन्दोलनको प्रतिवेदन लुकायो भने कलिला बालबालिकाको बलिदानको घोर अपमान हुनेछ । जबसम्म दोषी पहिचान भएर कारवाही हुँदैन तबसम्म वर्षौंदेखि चलिआएको दण्डहीनताको संस्कृतिले निरन्तरता पाउनेछ । ती परिवार, ती आमा जसले आफ्नो छोरालाई जेन जी आन्दोलनमा भाग लिन घरबाट निस्किएको त देखिन्, तर सकुशल घर फर्केको देख्न पाइनन्, ती आमा जसले अझैसम्म आफ्नो छोराको सपना देख्छिन्, ती बाबुहरू बुढेसकालमा आफ्ना कलिला छोराछोरीको न्यायका लागि सडकमा उभिइर हेछन्, उनीहरूले कुनै सम्पत्ति माग गरेका होइनन् । पदवी माग गरेका छैनन् । उनीहरूले सत्य मागेका छन् । 'मेरो बच्चा किन मर्‍यो ? कसले मार्‍यो ? के कसैले जिम्मेवारी लियो ? कसलाई कारवाही हुन्छ ?' उनीहरूले प्रश्न मात्रै गरेका छन् ।

अब बन्ने नयाँ सरकारको नेतृत्व गर्ने दलले बारम्बार 'हामी फरक छौं' भनिरहेको छ । तर अब भाषणमा मात्र होइन, फरक भएर देखाउनै पर्छ । गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्नु नै यसको एक मात्रै पहिलो संकेत हुनेछ । देशभरका लाखौं नागरिकले यही माग गरिरहेका छन् । सडकदेखि सामाजिक सञ्जालसम्म

*- बाँकी पृष्ठ ३ मा*

# मधेशकेन्द्रित दलहरू के....

मुद्दामा केन्द्रित भई राष्ट्रिय पार्टी बनाउन सफल भएका थिए । तर यो निर्वाचनमा तराई मधेशबाट शून्य सिटमा झरेपछि सक्रिय राजनीतिबाट सन्यास लिने घोषणा गरेका छन् ।

'अहिलेको निर्वाचनको परिणामसँग यो खासै सम्बन्धित चाहिँ होइन, मेरो राजनीतिमा प्रवेश भनेकै कुनै पद वा सांसद बन्न वा मन्त्री बन्नका लागि थिएन,' उनले भने । उनको पार्टी सरकारमा गए पनि उनी भने मन्त्री भएनन् । उनले यसपटक पार्टीको हारमा पनि कुनै पछुतो नभएको भन्दै मधेशको मुद्दा भने नछाडेको बताए ।

जनमतले रास्वपाको सरकारको कामका आधारमा समर्थन वा विरोध गर्ने जनाएको छ । जनमतका महासचिव चन्दन सिंहले बालेन्द्र शाह नेतृत्वको सरकारको कामलाई नजिकबाट हेरेपछि आफ्ना कार्यक्रम बनाउने बताए । 'बालेन्द्र सरकार बनोस्, राम्रो कामका लागि शुभकामना छ,' उनले भने, 'सरकारका एक सय दिन हेर्ने चलन छ । हामी पनि हेर्छौं । तराई मधेशको अधिकार, विकार र पहिचानका लागि के कस्तो काम गर्छ । पर्खेका छौं ।' उनले मधेशकेन्द्रित दलको मोर्चाले साझा मुद्दालाई निरन्तर अघि बढाउने बताए । 'तराई मधेशका साझा मुद्दा छन् । पहिचान, विभेद, अधिकारका विषय छन् । ती सबैका साझा मुद्दा हुन्,' उनले भने, 'अब मधेशका मुद्दा लिएर जनतामाझ जानुको विकल्प छैन ।'

मधेश प्रदेशसभा सदस्यसमेत रहेका सिंहले प्रदेशसभाबाट पार्टीका एजेन्डा उठाइरहने बताए । ०७९ को निर्वाचनमा जसपा नेपालले १२, लोकतान्त्रिक समाजवादी पार्टी ४ र जनमत पार्टीले ६ सिट जितेका थिए ।

फाल्गुन २१ को चुनाव अघि जसपा नेपाल र लोसपाबीच पार्टी एकता भएको थियो । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलगायत उम्मेदवार भएका सबै नेता पराजित भएका थिए ।

जसपा नेपालबाट अलग भई अशोक राईको नेतृत्वको जसपा पनि यो निर्वाचनमा बढारिएको छ । त्यस्तै प्रभु साहको नेतृत्वको आम जनता पार्टीले पनि यसपटक एक सिट जित्न सकेन । ०७९ को निर्वाचनमा आजपाले एक सिट जितेको थियो ।

ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्ज समाजशास्त्रका उपप्राध्यापक वीरेन्द्र साहले जेन-जी आन्दोलनपछि मधेश केन्द्रित दलसँग नयाँ मुद्दा नभएकाले पराजित हुनुपरेको बताए ।

'जेनजी आन्दोलनपछि मधेश केन्द्रित दलहरुसँग आम जनतालाई सम्बोधन गर्ने मुद्दा भएन,' उनले भने, 'निर्वाचनमा हारे पनि उनीहरुले कमजोरी स्वीका गरेका छैनन् ।' उनले ०६४ पछि उदाएका मधेशकेन्द्रित दलहरूले मधेशको मुद्दाभन्दा सत्ता प्यारो भएको बताए ।

'मधेशी दलहरूले कमजोरी स्वीकार गरेर जनताबीच गए ती पार्टी यो फेरि पुनर्निर्माण गर्छ,'उनले भने, ' फेरि सडकमा संघर्ष गर्छौं भने पनि आम मानिसले पत्याउने आधार छैन ।'

सत्ता, पार्टी विभाजन गरी अध्यक्ष हुने प्रवृत्तिका कारण मधेशकेन्द्रित दलहरूप्रति भरोसा टुटेको उनको भनाइ छ ।

# वर्षाले किसानलाई...

मकै, कोदो र जुनेलोसहितका बाली लगाउन खेतबारी खनजोत गर्न थालिन्छ ।" पछिल्लो वर्षाले आँप, लिची र रूखकटहरसहितका गर्मीयामका फललाई औधी राहत मिलेको किसानको भनाइ छ ।

"पानी नपर्दा आँप र लिचीका मज्जर (फुल, मञ्जरी) र चिचिलामा मधुवा (यी फलमा लाग्ने एक प्रकारको डढुवा रोग) लागेर सखाप पार्दै थियो, पानी परेपछि फलका बोटका हाँगाबिँगामा लागेको जालो र मधुवा पखालिएपछि केही राहत मिलेको छ", बर्दिबास-५ चेरुका ७० वर्षीय फलफूल किसान होतराज घिमिरेले भने, "अब भने मधुवाको उपचारले काम गर्ला ।" फलफूलका बोटका जरामा पर्याप्त चिस्यान भएपछि दाना पोटिलो हुनेसँगै रोगको आक्रमण पनि कम हुने किसानको विगत अनुभव छ ।

गत शुक्रबार साँझपख वर्षा हुनुअघि चलेको हावाहुरीले बालीनालीमा सामान्य क्षति गरेको छ । खासगरी घोगा लाग्न सुत्ला चेपेका मकैका बोट लडाउनसँगै ठाउँठाउँमा वैशाखी तरकारीका लहरा हुरीले हुत्याएर चुँडाएको किसानले बताएका छन् ।

तर पानी पर्न थालेपछि हावाहुरी रोकिएको हुँदा धेरै क्षति नभएको किसानको भनाइ छ । शुक्रबार साँझ र शनिबार दिनभरि पानी पर्दा खेतबारीमा अब केही समयका लागि चिस्यान रहने किसानले आस सँगालेका छन् ।

यसपालि हिउँदमा पानी नपर्दा फागुन मध्यदेखि नै चर्कँदै गएको गर्मीको राप पछिल्लो वर्षाले निकै घटाएको छ । बालीनालीलाई अनुकूल हुनसँगै मौसम केही चिसिँदा कामकाजमा जुट्न पनि निकै सजिलो भएको यहाँका किसान बताउँछन् ।

अबका आउने केही महिना खेतीपातीका लागि व्यस्त समय रहने हुँदा बेलाबेलामा अनुकूल वर्षा भइरहोस् भन्ने किसानको मनमा छ । वर्षा मात्र पनि अनुकूल भइदिँदा उत्पादनमा निकै राम्रो प्रभाव रहने बर्दिबास-६ कृष्णपुरका पाका किसान ६५ वर्षीय रघु काफ्लेको भनाइ छ।

जिल्लामा जम्मा ७१ हजार हेक्टर कृषियोग्य जग्गा भए पनि १० प्रतिशतमा मात्र कुलोनहरको पानी लाग्ने सिञ्चित जग्गा छ । अधिकांश जग्गा इनार, स्यालोट् युबवेल र बोरिङमा मोटर जडान गरेर किसानले बाली सिँचाइ गर्दै आएका छन् ।

लामो समयसम्म पानी नपर्दा यस्ता वैकल्पिक सिँचाइका स्रोतका मुहान चाँडै सुक्दा किसान समस्यामा पर्दै आएका छन् । यसरी वैकल्पिक सिँचाइका साधनसमेत जोडिँदा जिल्लामा करिब २० प्रतिशत जग्गा सिञ्चित रहेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ ।

# बालेन सरकारलाई पहिलो अवसर...

उही आवाज उठिरहेको छ । बालेन शाहको नयाँ नेतृत्वमा बन्ने सरकारका लागि कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्नु एउटा प्रतीकात्मक कदम मात्र हुने छैन, त्यो जेन जी आन्दोलनका शहीद, घाइते र तिनका परिवार प्रतिको जवाफदेहिताको घोषणापत्र हुनेछ । नयाँ सरकारले विश्वास आर्जन गर्छ । जनताको राज्यप्रतिको विश्वास बढ्छ, जुन विश्वास सबैभन्दा ठूलो राजनीतिक पुँजी हो । विश्व इतिहासलाई पल्टाउने हो भने कतिपय देश यस्ता छन्, जहाँ वर्षौंसम्म छानबिन भएर धेरैपछि पनि प्रतिवेदन सार्वजनिक भएका छन् । राज्यले के भएको हो भन्ने प्रस्ट पारिदिएर मात्रै पनि जनताले राज्य आफूप्रति जवाफदेही भएको महसुस गर्न पाउँछन् । सन १९९५ मा दक्षिण अफ्रिकामा ट्रुथ एण्ड रिकन्सिलिएसन कमिसन (टीआरसी) गठन भयो । रंगभेदी शासनकालका जघन्य अपराधहरूको सार्वजनिक सुनुवाइ भयो । प्रतिवेदन पनि सार्वजनिक भयो र त्यसले देशलाई एकताबद्ध गऱ्यो । सन् १९९१ मा चिलीमा रेटिग कमिसनले तयार पारेको पिनोशे तानाशाहीकालका मानवअधिकार उल्लंघनका घटनामाथि छानबिन गरेर बनेको प्रतिवेदन राष्ट्रपतिले सार्वजनिक रूपमा टेलिभिजनमा पढे ।

अर्जेन्टिनामा सन् १९८४ कोनाडेप सैन्य तानाशाहीमा वेपत्ता पारिएका ९ हजारभन्दा बढी व्यक्तिको अभिलेख तयार भयो । प्रतिवेदन सार्वजनिक पनि भयो र त्यो किताब अर्जेन्टिनाको इतिहासको सबैभन्दा महत्त्वपूर्ण दस्तावेज बन्यो । अपराधमा संलग्न उच्चस्तरका कर्नेल र जनरलहरूलाई जेल पुऱ्याइयो ।

आयरल्यान्डमा सन् २०२१ मा मात्रै मदर एण्ड बेबी होम्स आयोगले दशकौं पुरानो चर्चका अपराधहरूको अनुसन्धानको ९ हजार पृष्ठको प्रतिवेदन सार्वजनिक गऱ्यो । प्रधानमन्त्रीले सार्वजनिक रूपमै माफी मागे । पीडितहरूले न्याय पाएको महसुस गरे ।

छिमेकी मुलुक भारतमा १९८७ को बोफोर्स तोप खरिद काण्डमा सरकारले जानकारी लुकाउन खोजेको थियो, तर पत्रकार चित्रा सुब्रमण्यमले खोज पत्रकारिता गरेर तथ्यहरू सार्वजनिक गरेपछि त्यतिबेलाको शक्तिशाली मानिएको राजीव गान्धी सरकार ढल्यो । बंगलादेशमा सन् २०२४ जुलाईमा भएको आन्दोलनमा विद्यार्थीको दमनमाथि गरिएको छानबिनका प्रतिवेदनहरू नयाँ सरकारले तत्काल सार्वजनिक गर्ने प्रतिबद्धता गऱ्यो र त्यो प्रतिबद्धताले नयाँ शासनको विश्वसनीयता तत्काल स्थापित गऱ्यो ।

नेपालका जेन जी पुस्ताले यी घटनाक्रम हेरेका छन् । पुराना शासकहरूको एउटा धारण थियो, 'नयाँ पुस्ता उत्तेजित हुन्छ, तर छिट्टै ध्यान अरू कुरामा मोडेर उनीहरूलाई भड्काउन सकिन्छ ।' तर यो धारणा गलत साबित हुँदै छ । जेन जी त्यो पुस्ता हो, जसले मोबाइल र इन्टरनेबाट नै सरकार बनाइदिन्छ, अर्थशास्त्र पढ्छ, अन्तर्राष्ट्रिय कानुन बुझ्छ, ट्विटरमा राजनीतिक, आर्थिक तथा सामाजिक नीतिहरूको विश्लेषण गर्छ । उनीहरूलाई थाहा छ – धारा २७ के हो ? सूचनाको हक के हो र अन्तर्राष्ट्रिय कानुन के भन्छ ? र उनीहरूले विश्वभरका समकालीन आन्दोलनहरू पनि हेरेका छन् ।

बंगलादेशमा विद्यार्थी आन्दोलनले एउटा दशकौं पुरानो सरकार ढालेको उनीहरुले देखेका छन् । इरानमा युवाहरूले सडकमा उत्रेर इतिहास परिवर्तन गर्ने कोसिस गरेको उनीहरूले बुझेका छन् । उनीहरू आज सामाजिक सञ्जालमा उठेको आवाज भोलि आन्दोलन र विद्रोहमा बदल्न सक्छन् र त्यो आन्दोलनले राजनितीक व्यवस्था नै उथलपुथल पार्ने क्षमता राख्छ भन्ने जान्दछन् ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदन बिनासर्त र तत्काल सार्वजनिक गर्नुपर्ने अहिलेको पुस्ताको माग छ । कार्की आयोगको प्रतिवेदन एउटा दस्तावेज मात्र होइन, यो एउटा यस्तो दर्पण हो, जसमा नेपालको शासन व्यवस्थाको अनुहार देखिन्छ । यदि त्यो अनुहार साँचो र सफा छ भने दर्पण देखाउन डर किन ? नयाँ नेतृत्वले चाहे बालेन शाहको नेतृत्व होस् वा अरू कोही सत्ता लिनेबित्तिकै यो एउटा काम गर्छ भने, नयाँ अनुहार साँच्चिकै फरक छ भन्ने विश्वास जनताले गर्नेछन् । किनकि लोकतन्त्रमा सूचना, समाचार र जानकारी बिना निर्णयहरू प्रश्नविहीन हुन्छन् र सत्ता निरंकुश । सही सूचना बिना सरकार जनताप्रति उत्तरदायी हुँदैन । पाँच वर्षमा एकपटक वा तीन वर्षमा एकपटक भोट हाल्न पाउनु मात्र लोकतन्त्र होइन ।


# डढेलो नियन्त्रण सरकारी प्रयासले मात्र...

न्यूनीकरण गर्न उत्तिकै चनाखो हुनुपर्छ ।"

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले डढेलो नियन्त्रणमा समुदायको भूमिका महत्त्वपूर्ण रहेको बताए । ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले वन क्षेत्रमा हुने डढेलो प्रायः मानवीय लापरवाहीका कारण हुने गरेको उल्लेख गर्दै नागरिक सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए ।

सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेतीले डढेलो नियन्त्रणमा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिकाबारे जानकारी गराउँदै आवश्यक उपकरणको अभावले कार्यसम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको बताए । उनले आधुनिक उपकरण, तालिम र स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिन आवश्यक रहेको धारणा व्यक्त गरे ।

खाद्य तथा कृषि सङ्गठन (एफएओ)को सहजीकरण एवं वन तथा भूसंरक्षण विभागद्वारा आयोजित उक्त कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधि, विज्ञ, सुरक्षा निकाय तथा वन मन्त्रालयमातहतका सातै प्रदेश प्रमुख सहभागी थिए ।






# मानव बेचबिखन तथा ओसारपसार मुद्दामा आठ पक्राउ

राष्ट्रिय समाचार समिति

*सिरहा, चैत्र ९ गते ।*

प्रहरीले मानव बेचबिखन तथा ओसारपसार र जबर्जस्ती वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा होटल सञ्चालकसहित आठ जनालाई पक्राउ गरेको छ ।

जिल्लाका विभिन्न स्थानमा भएका तीन छुट्टाछुट्टै घटनामा संलग्न उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार पहिलो घटना लहान नगरपालिका-८ मा भएको हो । सो स्थानमा बस्ने दिलीप साह र उनकी श्रीमती सुनिताले तीन महिलालाई आर्थिक प्रलोभनमा पारी वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा पक्राउ गरिएको छ । उनीहरूलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

दोस्रो घटना लहान-३ अस्पताल चोकमा रहेको 'अनलाइ होटल एन्ड लज'मा भएको हो । होटल संचालिका ४० वर्षीया अर्चनाकुमारी चौधरीले चार महिलालाई सप्तरीको सुरुङ्गा-९ टिकुलियाका २१ वर्षीय अशोककुमार चौधरी, २० वर्षीय नितिककुमार चौधरी र १९ वर्षीय आकाश चौधरीसँग मिलेर वेश्यावृत्ति गराएको आरोप पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस घटनामा संलग्न चारै जनालाई सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

त्यसैगरी, तेस्रो घटना धनगढीमाई नगरपालिका-११ स्थित 'खुश्बु होटल एन्ड लजका संचालक ३४ वर्षीय गुज्जेश्वर साहले दुई महिलालाई सप्तरीको बलानबिहुल-६ का ३८ वर्षीय शिवकुमार यादवसँग मिलेर जबर्जस्ती वेश्यावृत्ति गराएको प्रहरीको आरोप छ । उनीहरूलाई पनि सात दिनको म्याद थप गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धान भइरहेको छ ।

प्रहरीले सबै घटनाका पीडित महिलाको पहिचान गोप्य राख्दै उनीहरूलाई 'साङ्केतिक नाम' दिएर कानुनी प्रक्रिया अगाडि बढाएको छ ।

जिल्लामा पछिल्लो समय होटल तथा निजी घर प्रयोग गरी यस्ता अवैध गतिविधि संचालन गरिएको सूचनाका आधारमा प्रहरीले निगरानी बढाएको छ ।

# 'डढेलो नियन्त्रण सरकारी प्रयासले मात्र सम्भव छैन'

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र ९ गते ।*



नेपालमा डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने सरोकारवालाले बताएका छन् ।

डढेलो सचेतना सप्ताहका अवसरमा सोमबार आयोजित 'डढेलो नियन्त्रणमा प्रभावकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता' विषयक अन्तर्क्रियाका सहभागीले बर्सेनि डढेलोका कारण ठूलो मात्रामा वन विनास, जैविक विविधताको ह्रास, वातावरणीय सन्तुलनमा असर तथा जनधनको क्षति हुने गरेकामा चिन्ता व्यक्त गरेका थिए ।

उनीहरूले डढेलो नियन्त्रण केवल सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले स्थानीय, वन उपभोक्ता समूह, सुरक्षाकर्मी तथा सरोकारवाला सबैको साझा जिम्मेवारी र सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले डढेलो नियन्त्रणका लागि नीति, योजना र कार्यान्वयनबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । उनले डढेलो नियन्त्रणलाई प्राथमिकतामा राखेर स्रोतसाधनको व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उल्लेख गरे ।

उनले भने, "वन डढेलो प्राकृतिक रूपमा जोखिम कम देखिए पनि मानवीय लापरवाही वा आकस्मिक घटनाबाट हुनसक्ने क्षतिलाई

- *बाँकी पृष्ठ ३ मा*

# प्रविधि प्रयोगले लागत र समयको बचत, उत्पादनमा वृद्धि

राष्ट्रिय समाचार समिति

*वीरगञ्ज, चैत्र ९ गते ।*



एक दशकअघिसम्म बाराको फेटा गाउँपालिका-३ त्रिवेणीका किसान पारस ठाकुरलाई परम्परागत तरिकाले आलुखेती गर्दा कामदार पाउनै मुस्किल हुन्थ्यो । कामदार पाइहालेमा लागत धेरै र समय बढी लाग्ने गर्थ्यो । अचेल भने उनले त्यो समस्याबाट केही मुक्ति पाएका छन् । त्यसको कारण हो-प्रविधिको प्रयोग ।

हाल ठाकुरले आलु रोप्ने र खन्ने मेसिन (पोटाटो प्लान्टर र पोटाटो डिगर) प्रविधिको प्रयोग गर्छन्, त्यसले आलु रोप्दा र खन्दा लाग्ने आधाभन्दा धेरै खर्च जोगिएको छ ।

"परम्परागत ढङ्गले आलुखेती गर्दा प्रतिकठ्ठा तीन जनाभन्दा धेरै श्रमिक लगाउनुपर्ने हुन्थ्यो । प्रतिश्रमिक पाँच सयका दरले पनि पन्ध्र सय खर्च हुन्थ्यो", उनले भने, "हाल मेसिनबाट रोप्दा प्रतिकठ्ठा पाँच सयले पुग्ने गरेको छ । एकातर्फ खर्च घटिरहेको छ भने अकोतर्फ श्रमिक नपाउने समस्याबाट पनि मुक्त भएका छौं ।"

ठाकुरले यसपालि सवा तीन बिघा क्षेत्रफलमा आलुखेती गरेको र प्रविधिले धेरै सहयोग पुगेको बताए । "परम्परागत ढङ्गले आलुखेती गर्दा वार्षिक एक लाख जोगाउन पनि मुस्किल हुन्थ्यो । प्रविधिको प्रयोग गरेरपछि सबै खर्च कटाएर तीन लाखभन्दा धेरै आम्दानी हुने गरेको छ", उनले भने ।

फेटा गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीले पालिकाले ठाकुरले मात्रै होइन, आलु रोप्ने मेसिन अनुदानमा उपलब्ध गराएपछि यहाँ अरु धेरै किसानले लाम लिएको बताए । "प्रविधिको प्रयोगपछि उत्पादनमा वृद्धि भएको छ । किसानलाई प्रोत्साहनका लागि आगामी आर्थिक वर्षको बजेटमा थप आधुनिक मेसिनको प्रयोग गरेर खेती गर्ने कार्यक्रम ल्याउँछौं", उनले भने ।

कृषि औजार अनुसन्धान केन्द्र रानीघाटका प्रमुख सचिनकुमार मिश्रले किसानलाई प्रविधिको प्रयोगले लागत र समय घटाउँदै किसानको आम्दानी बढाउन निकै सहयोग पुगिरहेको बताए । "लामो समयको अनुसन्धानपछि हामीले किसानको खर्च र समयको लागत घटाउँदै आम्दानी बढाउने प्रविधिको प्रयोगमा जोड दिन सहजीकरण गरेका हौं । मेसिनको प्रयोग गर्दा किसानलाई निकै फाइदा पुगिरहेको छ । केन्द्रले आलुखेतीमा मात्रै नभएर गहुँखेतीमा पनि प्रविधिको प्रयोगमा जोड दिँदै आइरहेको छ", उनले भने ।

पर्साको जगरनाथपुर गाउँपालिका-३ विजबनियाँका किसानले पनि 'हारभेस्टर मेसिन'को सहायताले गहुँखेती गर्दा लागत र श्रमिकको खर्चमा न्यूनीकरण भएको बताएका छन् । स्थानीय किसान अभयप्रसाद यादवले मेसिनको प्रयोग गरेर गहुँखेती गर्दा पहिलाको तुलनामा बाली लगाउँदा लाग्ने लागतमा धेरै कमी आएको बताए ।

"परम्परागत ढङ्गले खेती गर्दा धेरै लागत लाग्ने गर्थ्यो । कामदारको पनि त्यस्तै अभाव झेल्नु परिरहेको थियो", उनले भने, "हाल मेसिनको प्रयोगले खर्च घटाउँदै थोरै लागतमा गहुँबाली उत्पादन गर्न थालेका छौं ।"

कृषि अनुसन्धान निर्देशनालयका निर्देशक विश्वेश्वरप्रसाद यादवले सरकारले प्रविधि प्रयोग गरेर खेती गर्न प्रोत्साहन गर्दै आइरहेको बताए । "प्रविधिको प्रयोगले खेती गर्न धेरै सहज र सुलभ बनाइरहेको छ", उनले भने, "स्थानीय सरकारले सामूहिक खेती गर्नका लागि किसानसमक्ष प्रविधि हस्तान्तरण गर्न जरूरी भइसकेको छ ।"

नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा. कृष्ण तिम्सिनाले सरकारले उन्नत बीउबिजन र प्रविधिमैत्री कृषि गर्नका लागि किसानलाई प्रोत्साहन गर्दै आइरहेको बताए ।

"अब पनि परम्परागत ढर्राले खेती गरेर किसानले अपेक्षाकृत लाभ लिनसक्दैनन् । त्यसैले अत्याधुनिक प्रविधिसँगै कृषि क्षेत्रलाई अघि बढाउन आवश्यक भइसकेको छ । यसका साथै अब सीमावर्ती क्षेत्रका किसानले भारतीय बीउबिजनभन्दा पनि स्वदेशी बीउबिजन प्रयोग गरेर खेती गर्न हाम्रो आग्रह छ", उनले भने ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री